# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
स्थापित २०७३


पत्र संख्याः २०७९/८० गण्डकी प्रदेश, नेपाल
चलानी नं. ४४४ मितिः २०७९।१०।१३

विषयः प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालय

का ग पा स्याङ्जा

उपर्युक्त सम्बन्धमा चालु आ व २०७९।०८० मा संघीय सरकारबाट वित्तिय हस्तान्तरण अन्तर्गत सशर्त कार्यक्रमको रुपमा प्राप्त शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट देहायका कार्यक्रमका लागि विद्यालय छनोट गर्नु पर्ने भएकोले यसपूर्व विज्ञान प्रयोगशाला तथा पुस्तकालय व्यवस्थापनको कार्यक्रम प्राप्त नगरेका विद्यालयले तपसिलमा उल्लेखित कार्यक्रमहरु यस गाउँपालिका अन्लर्गतका सामुदायिक विद्यालयहरुमा कार्यान्वयनार्थ यसै पत्रसाथ संलग्न तोकिएको ढाँचामा आवश्यक कागजात तथा शर्तहरुसहित मिति २०७९।१०।२० गते भित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा प्राप्त हुने गरी प्रस्तावना पेश गर्नुहुन सम्वन्धित सबै सामुदायिक विद्यालयहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने प्रस्तावना उपर कुनै कारवाही नहुने व्याहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ । साथै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि उत्कृष्ट कार्यसम्पादन गर्न इच्छुक विद्यालयहरुले यसै सूचनामा संलग्न विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची ३ बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सो को पुष्टि गर्ने आवश्यक कागजात सहित पेश गर्नुहुन पनि यसै सूचनासाथ जानकारी गराइन्छ ।

079/10/13

देवेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

श्री शिक्षा/यु.खे. ... विद्यालयमा पत्राचार गर्नु ... facebook तथा website मा upload गर्नु


**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np

पत्र संख्याः २०७९/८० 
चलानी नं. ८६४

मितिः २०७९।१०।१४

तपसिल

| क्र सं | क्रियाकलाप | कार्ययक्रम रकम | संख्या | प्रस्तावना सहितपेश गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान मा वि | ६ लाख ५० हजार | ३ | ✓ वि व्य स निर्णय ।<br>✓ अघिल्ला वर्षहरुमा कार्यक्रम प्राप्त नगरेको व्यहोरा सहितको विद्यालयको पत्र ।<br>✓ शैक्षिक सत्र २०७९ मा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण ।<br>✓ सम्बन्धित वडाको सिफारीस ।<br>✓ विद्यालयको निवेदन । |
| २ | विद्यालयमा विज्ञान प्रयोगशाला<br>अनुदान मा वि | ६ लाख ५० हजार | २ | ✓ वि व्य स निर्णय ।<br>✓ अघिल्ला वर्षहरुमा कार्यक्रम प्राप्त नगरेको व्यहोरा सहितको विद्यालयको पत्र ।<br>✓ शैक्षिक सत्र २०७९ मा अध्ययनरत विद्यार्थीहरुको कक्षागत विवरण ।<br>✓ सम्बन्धित वडाको सिफारीस । |
| ३ | तोकिएको सूचकांकका आधारमा कार्य सम्पादन गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | ५० हजार | ५ | ✓ वि व्य स निर्णय ।<br>✓ विद्यालयको निवेदन ।<br>✓ विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची ३ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कनमा विद्यालयले स्व मूल्याङ्कन अङ्क भरी प्रत्येक पानामा प्र अ ले हस्ताक्षर गरी प्रमाणित कार्य सम्पादन फाराम । |

देवेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | ✓ कार्य सम्पादन मूल्याङ्कनको विभिन्न शीर्षकहरुसँग सम्वन्धित कार्य विवरणको प्रमाणित प्रतिलिपि। |
| ४ | शिक्षकको शिक्षण सिकाइमा विताउने समयवधि सुधार योजना कार्यान्वयनका लागि विद्यालयहरुलाई अनुलान | २ हजार | प्रति विद्यालय | ✓ विद्यालयको माग पत्र ।<br>✓ प्रत्येक विद्यालयले शिक्षण सिकाइ समय कार्यविधि २०७४ लागू गर्ने विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि । |
| ५ | रंगरोगन तथा घेराबार - गाउँपालीका अनुदान ) | | केही | ✓ वि व्य स निर्णय ।<br>✓ रंगरोगनका लागि कुल लागतमा २० प्रतिशत विद्यालयले व्यहोरने प्रतिवद्धता पत्र।<br>✓ लागत इस्टिमेट ।<br>✓ सम्बन्धित वडाको सिफारीस । |

शर्तहरु

- गत आ व को सामाजिक तथा लेखा परीक्षण प्रतिवेदन पेश भएको हुनुपर्ने ।
- शैक्षिक वर्ष २०७९ को विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक भएको हुनुपर्ने।
- शैक्षिक वर्ष २०७९ को इमिस अध्यावधिक भएको हुनपर्ने ।
- विगत ४ वर्षमा एउटै कार्यक्रम नदोहोरिएको हुनपर्ने ।

नोट

विद्यालयले कुनै पनि कार्यक्रमको लागि प्रस्ताव पेस गर्दा शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि २०७४ लागू गरेको सुनिश्चितता पत्र सहित विद्यालय व्यवस्थापन समितिको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्दछ ।

देवेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

## कार्यक्रम प्रस्तावित ढाँचा

१ विद्यालयको विवरणः यस अन्तर्गत विद्यालयको संक्षिप्त विवरण, अनुमति प्राप्त मिति सञ्चचालित कक्षा, तहगत रुपमा जम्मा विद्यार्थी संख्या, तहगत शिक्षक संख्या आदी।

२ विद्यालयको शैक्षिक अवस्थाः

३ कार्यक्रमको विवरणः

- कार्यक्रमको नामः
- कार्यक्रमको पृष्ठभूमीः आवश्यकता / औचित्य समेत
- सम्पादन गर्नुपर्ने मुख्य कामहरुः
- कार्यक्रमबाट प्रप्त हुने उपलब्धीः
- कार्यक्रम सम्पन्न गर्ने कार्ययोजनाः

| क्र सं | क्रियाकलाप | कार्यान्वयन विधि प्रक्रिया | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

- प्रस्तावित वजेट
- माग गरिएको रकम
- विद्यालयको आन्तरिक स्रोतबाट व्यहोरिने रकम

४. विगत ५ वर्ष यता नेपाल सरकार प्रदेश सरकार शिक्षा विकास तथा समन्वय इकाइ स्याङ्जामा विभिन्न दातृ निकाय वा व्यक्तिबाट प्राप्त अनुदान आयवजना कार्यक्रम विवरण ।

| क्र सं | अनुदानका क्षेत्रहरु | अनुदान दिने निकाय वा व्यक्ति | अनुदान रकम |
|---|---|---|---|
| आ व ०७४।०७५ | | | |
| आ व ०७५।०७६ | | | |
| आ व०७६।०७७ | | | |
| आ व ०७७।०७८ | | | |
| आ व ७८।०७९ | | | |

५ .भौतिक पूर्वाधार

१ भवनको प्रकार (पक्की / कच्ची)

ख शौचालयको अवस्था (पक्की/ कच्ची)

२ सुरक्षा व्यवस्थाः

क विद्यलयको परिसर घेरावार (गरिएको / नगरिएको)

ख घेरावार गरिएको भए (पर्खाल / काँडेतार / अन्य)

ग सुरक्षा गार्डको व्यवस्था (गरिएको / नगरिएको)

३ कक्षाकोठा संख्याः

क सूचना प्रविधि व्यवस्थापन / पुस्तकालय / विज्ञान प्रयोगशालाको लागि उपलब्ध कोठा संख्याः

ख कोठाको साइजः...............फिट लम्बाइ र................फिट चौडाइ

कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्‍जा
स्थापित २०७३

पत्र संख्याः २०७९/८०
चलानी नं. ५६४

गण्डकी प्रदेश, नेपाल
मितिः २०७९।१०।१४


ग कोठाको छानाको अवस्थाः (पानी चुहिने / नचुहिने)

घ कोठाको भित्ताः पक्की र (प्लास्टर गरिएको / नगरिएको)

४. फर्निचरको व्यवस्थापनको अवस्थाः......................

५. कम्प्युटर ल्यावको लागि टेवल कुर्सीको व्यवस्था (भएको / नभएको)...........

६. विद्युतको आपूर्ति (भएको / नभएको ).........

क. इन्टरनेट कनेक्टीभिटीको (व्यवस्था भएको / नभएको)....................

ख. इन्टरनेट कनेक्टीभिटी भएको भए इन्टरनेट सेवा उपलब्ध गराइएको माध्यम प्रविधि र उपलब्ध इन्टरनेटको व्यण्डवीच.......................................

७. विद्यालयमा सूचना प्रविधिको ज्ञान भएको शिक्षकको अवस्थाः

क. विद्यालयमा सूचना प्रविधिको विषय शिक्षक (भएको / नभएको)

ख. अन्य शिक्षक भए शिक्षकको योग्यता....................

ग. अन्य शिक्षकको सूचना प्रविधि सम्वन्धी तालिम लिएको भए तालिम लिएको अवधी र प्रकार..................................................................

घ. कम्प्युटर शिक्षक नभएको भए आन्तरिक वा अन्य स्रोतबाट कम्प्युटर शिक्षक व्यवस्थापन गर्न(सक्ने / नसक्ने )............................................

| | | |
|---|---|---|
| प्रधानाध्यापक | | वि व्य स अध्यक्ष |
| नामः | | नामः |
| हस्ताक्षर | विद्यालयको छाप | हस्ताक्षर |
| मिति | | मिति |

वोधार्थः सूचना तथा प्रविधि शाखा (वेवसाइडमा अपलोड गरिदिनुहुन) ।


**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np